# <u>प्राङ्गारिक कौसी खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६</u>

प्राङ्गारिक कौसी खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि(प्रथम संशोधन),२०७६ मिति २०७८/६/१

**<u>प्रस्तावना:</u>** ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा तीब्र गतिमा भइरहेको बसाईसराईका कारणले गर्दा शहरी क्षेत्रहरुमाखेती गर्ने जमिनको अभाव भएकाले सबै किसिमका दैनिक उपभोग्य कृषि वस्तुहरु बजारबाट किनेर खानुपर्ने बाध्यता रहेको छ।त्यसमा पनि बढ्दो विषादीको प्रयोगले विशेषत महिला र बालबालिकाहरुको स्वास्थमा नकारात्मक प्रभाव परेको विभिन्न अध्ययनले पुष्टि गरेको छ। त्यसैले घरायसी प्राङ्गारिक फोहोरहरुको सदुपयोग गरी आफ्नो घरको छत, वरण्डा, कौसी, पर्खाल र घरका खाली जग्गाहरुको सदुपयोग गरी विभिन्न प्रकारका तरकारी र फलफल बालीहरुको घरायसी उत्पादनलाई प्रवर्द्धन गर्दै हरित शहर निर्माणमा योगदान पुर्याउनका लागि प्रदेश सरकार, ⊕बागमती प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

## परिच्छेद -१
## <u>प्रारम्भिक</u>

१. **<u>सक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम **"प्राङ्गारिक कौसी खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा:</u>**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्याविधिमा,-

(क) **"आपूर्तिकर्ता"** भन्नाले दफा ४ को उपदफा (३) को खण्ड (ङ) बमोजिम सूचिकृत भएका कौसी खेतीको सामाग्री आपूर्ति गर्ने आपूर्तिकर्तालाई सम्झनु पर्छ ।

(ख) **"इच्छापत्र/आशयपत्र"** भन्नाले प्राङ्गारिक कौसी खेती कार्यक्रम सञ्चालनका लागि इच्छुक भई कार्यविधि अनुरुपको सहयोग प्राप्त गर्न पेश गरेको आवेदन सम्झनु पर्छ।

(ग) **"कार्यक्रम"** भन्नाले स्वीकृत वार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(घ) **"केन्द्र"** भन्नाले निर्देशनालय अन्तर्गतको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(ङ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(च) ⊕**"प्राङ्गारिक कौसी खेती"** भन्नाले रासायनिक विषादी प्रयोग नगरी घरायसी प्राङ्गारिक स्रोत साधनको सदुपयोग गरेर घरको वरण्डा, कौसी, पर्खाल र खाली जग्गाहरुमा विभिन्न प्रकारका तरकारी तथा फलफूल बालीहरुको खेतीलाई सम्झनु पर्छ । सो शब्दले शहरी खेती र बृहत्तर कौसी खेतीलाई समेत जनाउदछ ।

(छ) ⊕**"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

---

⊕ प्रथम संशोधनद्वारा संशोधित

(ज) **"मन्त्रालय"** भन्नाले प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(झ) **"मूल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

(ञ) **"साझेदार"** भन्नाले यस कार्यक्रम सञ्चालन गर्नका लागि छनोट भएका घर परिवार वा घरधुरीलाइ सम्झनुपर्छ ।

(ट) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

३. <u>उद्देश्यः</u> यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) खेती गर्ने जमिनको अभाव भएका शहरी क्षेत्रहरुमा घरको छत, वरण्डा, कौसी, पर्खाल र खाली जग्गा आदिलाई ताजा तरकारी र फलफूल उत्पादनमा उपयोग गर्ने,

(ख) स्वस्थकर तथा विषादीमुक्त ताजा तरकारी उत्पादनमा वृद्धि गरी पारिवारिक खाद्य तथा पोषण सुरक्षामा योगदान पुर्याउने,

(ग) शहरी परिवारलाई ताजा तरकारीमा आत्मनिर्भर बनाउने,

(घ) हरित शहर निर्माणमा सहयोग पुर्याउने,

(ङ) कृषिको जैविक विविधिताको संरक्षण गर्ने ।

## परिच्छेद -२

## <u>संस्थागत व्यवस्था</u>

४. <u>**मूल्याङ्कन समितिः**</u> (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतिको लागि सिफारिस गर्न कृषि ज्ञान केन्द्रमा तपशिल बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

(क) बागवानी विकास अधिकृत वा केन्द्र प्रमुखले तोकेको अधिकृत, केन्द्र - संयोजक

(ख) प्रमुख, आर्थिक प्रशासन शाखा, केन्द्र - सदस्य

(ग) योजना अधिकृत, केन्द्र - सदस्य

(घ) प्राविधिक सहायक( बागवानी/कृषि प्रसार), केन्द्र - सदस्य

(ङ) खरिद इकाई प्रमुख, केन्द्र - सचिव

(२) समितिले आवश्यकता अनुसार बढीमा २ (दुई) जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) ⊕प्राङ्गारिक कौसी खेती कार्यक्रम सञ्चालन गर्न इच्छापत्र/आशयपत्र पेश गरेका आवेदकहरुको छनौट गर्नको लागि मूल्याङ्कनको मापदण्ड तथा आधारहरु तयार गरी स्वीकृतिको लागि एक तह माथिको निकायमा पेश गर्नु पर्नेछ ।

⊕ प्रथम संशोधनद्वारा संशोधित

(ख) प्राङ्गारिक कौसी खेती कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक पर्ने डिजाइन, लागत ईस्टिमेट, सम्झौता तथा स्पेसिफिकेशन तयार गरी स्वीकृतिको लागि केन्द्रमापेश गर्ने ।

(ग) स्वीकृत मापदण्डको आधारमा प्राप्त इच्छापत्र/आशयपत्रहरुको अध्ययन, सम्भव भएमा स्थलगत निरीक्षण र मूल्याङ्कन गरी स्वीकृतिको लागि केन्द्रमा पेश गर्ने ।

(घ) सञ्चालित कार्यको अनुगमन गरी कार्यान्वयनका सम्बन्धमा आवश्यक मार्गदर्शन दिने ।

(ङ) सार्वजनिक सूचना प्रकाशन गरी कानून बमोजिम योग्य आपूर्तिकर्ताहरुको सूचिकृत गर्न केन्द्रमा सिफारिश सहित पेश गर्ने ।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन

५. **कार्यक्रम लागु हुने स्थानहरुः** ⊕यो कार्यक्रम बागमती प्रदेशभर लागू हुनेछ ।

६. **कार्यक्रम क्षेत्र छनौटः** स्वीकृत कार्यक्रम, बजेट र प्राथमिकताको आधारमा सम्बन्धित कृषि ज्ञान केन्द्रले कार्यक्रम लागु भएको जिल्लाको स्थानीय तहसँग समन्वय गरी कार्यक्रमसञ्चालन हुने वडाहरु छनौट गर्नेछ ।

७. **कार्यक्रम क्लस्टरमा गर्नु पर्नेः** प्राङ्गारिक कौसी खेती गर्न ईच्छुक नजिक वा छिमेकी घरधुरीहरु मिली एक वडामा न्यूनतम २५ घरधुरीको संयुक्त निवेदन दिनु पर्नेछ ।यस्ता समूह "गृहिणी कौसी समूह" को रुपमा कृषि ज्ञान केन्द्रमा दर्ता/ सूचिकृत/ अध्यावधिक गर्नु पर्नेछ ।कौसी खेतीलाई अभियानको रुपमा सञ्चालन गर्न र एक अर्काको सिकाई आदान प्रदान गर्न केन्द्रले "गृहिणी कौसी समूह" हरुको प्रतिनिधि रहने गरी जिल्ला स्तरीय "गृहिणी कौसी समूह" गठन गर्न सक्नेछ ।

८. **सूचना प्रकाशनः** (१) ⊕निर्देशनालय/केन्द्रले कार्यक्रम सञ्चालन गर्नको लागि प्राङ्गारिक कौसी खेती गर्न ईच्छुक घरधुरीबाट इच्छापत्र आव्हान गर्न अनुसूची -१ बमोजिमको ढाँचामा तीस दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ र सोही अवधिमा इच्छुक आवेदकले अनुसूची -२ बमोजिम निवेदन, अनुसूची -३ अनुसारको संयुक्त आशय पत्र तथा माग गरेका कागजात सम्बन्धित कृषि ज्ञान केन्द्रमा दर्ता गर्नु पर्नेछ।

९. **घरपरिवार छनौटका आधारहरुः** (१) मूल्याङ्कन समितिले तयार गरी स्वीकृत भएको मूल्याङ्कनको मापदण्ड तथा आधारहरु नै प्राङ्गारिक कौसी खेती कार्यक्रम सञ्चालन गर्नको घरपरिवार छनौटको आधारहरु हुनेछन् ।

---

⊕ प्रथम संशोधनद्वारा संशोधित

(२) दफा ४ को उपदफा (३) बाहेक छनौटको लागि देहाय बमोजिमका शर्तहरु समेत पुरा भएको हुनुपर्नेछः

(क) घरपरिवार क्लष्टरमा रहने गरी छनौट गर्ने,

(ख) कौसी खेती गर्न अनुदान बाहेकको पूरक रकम लगानी गर्न प्रतिबद्ध घरपरिवारलाई विशेष प्राथमिकता दिने ।

१०. **कौसी खेती प्रविधिः** माटो सहित र माटोरहित गमला तथा हाइड्रो-पोनिक्स र एरोपोनिक्स प्रविधिहरुमा आधारित कौसी खेतीलाई प्राथामिकता प्रदान गरिनेछ । यद्यपी अन्य प्रविधिहरुको प्रयोगमा सीमित भने गरिने छैन ।

११. **लक्ष्य निर्धारण तथा बजेट बाँडफाडः** ♦.........................

१२. **सम्झौताः** (१) छनौट भएका साझेदारहरुलाई सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने केन्द्रले सम्झौता गर्न आउन सात दिनको समयावधि दिई जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र आउने साझेदारसँग सम्बन्धित केन्द्रले अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआउने साझेदारको स्वतः छनौट रद्द भएको मानी प्रतिक्षा सूचीमा रहेका साझेदारलाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

## परिच्छेद -४
## अनुदान रकम प्रवाह तथा खर्च गर्ने विधा

१३. **अनुदान व्यवस्थाः** (१) छनौट भएका घरपरिवारले कूल लागतको बढीमा ५० प्रतिशत अनुदान प्राप्त गर्नेछन् ।गमलामा आधारित कौसी खेतीको लागि बढीमा रु. १०,०००।– र हाइड्रो-पोनिक्स प्रविधिको हकमा बढीमा रु. २५,०००।– अनुदान प्राप्त गर्न सक्नेछ ।यस्ता प्रविधि प्रदान गर्ने आपूर्तिकर्ताले छनौट भएका सेवाग्राहीलाई तालीम दिनु पर्नेछ ।

(२) साझेदारले सूचिकृत भएका आपूर्तिकर्ताहरु मध्ये पायक पर्ने आपूर्तिकर्तासँग तोकिएको मूल्यमा उक्त प्रविधिको लागि आवश्यक पर्ने सामाग्रीहरु खरिद गरी कौसी खेती स्थापना गर्नुपर्नेछ । सूचिकृत नभएका तर साझेदारलाई प्राविधिक दुष्टिकोणबाट उपयुक्त लागेका आपूर्तिकर्तासँग सामाग्रीहरु खरिद गरी काम गर्न बाधा पर्ने छैन । केन्द्रले आवश्यक प्राविधिक परामर्श प्रदान गर्नेछ ।

♦ प्रथम संशोधनद्वारा झिकिएको

(३) [⊕]विपन्न वर्गको हकमा साझेदारले व्यहोर्ने पर्ने रकम अन्य कुनै/संघ संस्था/स्थानिय तह/ निकायबाट आंशिक व्यवस्था गर्न सकिनेछ ।

(४) स्वीकृत कार्यक्रम अनुसार कार्यालयले दुई प्रतिशत सम्म कन्टिनजेन्सी रकम कट्टा गर्न सक्नेछ र उक्त रकम यस कार्यक्रमसँग सम्बन्धित सहयोगी गतिविधिहरु (सूचना प्रकाशन, होर्डिङ बोर्ड, अनुगमन, बैठक आदि) सञ्चालन गर्न खर्च गर्न सकिनेछ ।

(५) [*]साझेदारले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र २ वर्षसम्म प्रदेश सरकारवाट सञ्चालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन ।

१४. <u>अनुदान रकम भुक्तानी प्रक्रियाः</u> साझेदारले सम्झौता अनुसार काम सम्पन्न गरेपछि केन्द्रको कार्य सम्पन्न प्राविधिक प्रतिवेदन, सक्कल बिल भर्पाईहरु र साझेदार सहित कौसी खेतीको फोटोको आधारमा केन्द्रले साझेदारको खातामा वा साझेदारले सम्बन्धित आपूर्तिकर्ताको खातामा भुक्तानीको लागि सिफारिश भई आएमा आपूर्तिकर्ताको बैंक खातामा मार्फत भुक्तानी दिइनेछ ।

## परिच्छेद -५
## अनुगमन तथा मूल्याङ्कन

१५. <u>अनुगमन तथा मूल्याङ्कनः</u> (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन केन्द्रले गर्नेछ ।

(२) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन आवश्यकता अनुसार मन्त्रालय, निर्देशनालय, केन्द्र तथा स्थानीय तहले गर्न सक्नेछन् ।

(३) उपदफा (१) र (२) बमोजिम गरिएको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद -६
## विविध

१६. <u>प्रचलित कानून बमोजिम हुनेः</u> [♦]....................

१७. <u>संशोधनः</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१८. [⊕]<u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका बुदाँहरु प्रचलित कानूनसगँ बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ ।

---

[⊕] प्रथम संशोधनद्वारा संशोधित

[*] प्रथम संशोधनद्वारा थप गरिएको

[♦] प्रथम संशोधनद्वारा झिकिएको

अनुसूची–१
(दफा ८ सँग सम्बन्धित)

<u>प्राङ्गारिक कौसी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि आशयपत्र आव्हान सम्बन्धी सूचना</u>

⊕कृषि विकास निर्देशनालय/कृषि ज्ञान केन्द्र, बागमती प्रदेश, .......को आ.व..........को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार ..............................................जिल्लाहरुमा प्राङ्गारिक कौसी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नका लागि खेती गर्ने जमिनको अभाव भएका शहरी क्षेत्रमा बसोवास गर्ने इच्छुक घरधुरी/घर परिवारले यो सूचना प्रकाशित भएको मितिले तीस(३०) दिनभित्र सम्बन्धित कृषि ज्ञान केन्द्रमा आइपुग्ने गरी प्राङ्गारिक कौसी खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि (प्रथम संशोधन), २०७६ को अनुसूची–२ अनुसारको निवेदन तथा कागजातहरु एवम् अनुसूची –३ अनुसारको संयुक्त आशयपत्र सहित आवेदन सम्बन्धित कृषि ज्ञान केन्द्रमा दर्ता गर्नुहुन सूचना गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदन छनौटका लागि समावेश नहुने व्यहोरा जानकारी गराईन्छ।

<u>पुनश्चः</u> ⊕प्राङ्गारिक कौसी खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि (प्रथम संशोधन), २०७६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेशको बेवसाईट www.molmac.bagamati.gov.np वा कृषि विकास निर्देशनालयको बेवसाईट..............बाट डाउनलोड गर्न सकिनेछ ।

अनुसूची -२

(दफा ८ सँग सम्बन्धित)

<u>निवेदन</u>

श्रीमान् प्रमुख ज्यू,                                        मितिः

कृषि ज्ञान केन्द्र,................।

विषयः आशयपत्र पेश गरिएको बारे ।

महोदय,

[⊕]कृषि विकास निर्देशनालय/कृषि ज्ञान केन्द्र,.......ले मिति................ मा प्रकाशित सूचना अनुसार प्राङ्गारिक कौसी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न इच्छुक रहेकोले माग बमोजिमका कागजातहरु यसैसाथ संलग्न गरी आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेको छौं ।

संलग्न कागजातहरुः

१. आवेदकहरुको नागरिकताको प्रतिलिपि,

२. अनुदान बाहेकको पूरक रकम लगानी गर्ने सम्बन्धी प्रतिबद्धता पत्र,

३. अनुसूची -३ अनुसारको संयुक्त आशयपत्र ।

समूहको तर्फबाट आवेदकको

सहीः

छापः

[⊕] प्रथम संशोधनद्वारा संशोधित

अनुसूची-३

(दफा ८ सँग सम्बन्धित)

**संयुक्त आशयपत्र**

१. समूहको तर्फबाट आवेदकको नामः

२. ठेगानाः

३. घर परिवार संख्याःमहिलाः

४. कौसी खेती गर्न चाहेको बाली/वस्तुः १. २.
३. ४.
५. ६.

५. कौसी खेती गरिने स्थल/संरचना (घरको छत/कौसी/वरण्डा/पर्खाल/अन्य):

६. प्राङ्गारिक कौसी खेती गर्नुको मुख्य उद्देश्यः

- 
- 
- 

७. कौसी खेती गर्न सकिने क्षेत्रफलः ................वर्ग मिटर ($m^2$)

८. मल तथा विषादी बनाउन प्रयोग गरिने प्राङ्गारिक वस्तु/पदार्थहरुः

९. संलग्न घरधुरी

| क्र.सं. | नाम थर | ठेगाना | दस्तखत | सम्पर्क मो. नं. |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |
| १९ | | | | |
| २० | | | | |
| २१ | | | | |
| २२ | | | | |
| २३ | | | | |
| २४ | | | | |
| २५ | | | | |

समूहको तर्फबाट आवेदकको

सहीः

छापः

## अनुसूची -४
## ( दफा १२सँग सम्बन्धित)
## सम्झौता-पत्र

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, ⊕बागमती प्रदेश, कृषि विकास निर्देशनालय अन्तर्गत कृषि ज्ञान केन्द्र,.............बाट सञ्चालन हुने चालु आ.व.को प्राङ्गारिक कौसी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न मिति................मा गरिएको प्रस्ताव आव्हानको सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये श्री ........ को प्रस्ताव छनौट भएका हुँदा कृषि ज्ञान केन्द्र,.................( यस पछि प्रथम पक्ष भनिने ) र ................... (यस पछि दोश्रो पक्ष भनिने) का बीच तपशील अनुसारको कार्यक्रम सञ्चालन गर्न निम्नानुसारका शर्तहरु पालना गर्ने मञ्जुर गर्दै यो सम्झौता गरी १/१ प्रति बुझिलियौं/दियौं ।

तपशिलः

१. दोश्रो पक्षले प्राङ्गारिक कौसी खेती कार्यक्रममा प्रयोग हुने सामाग्री खरिद तथा स्थापनाको बील भरपाइ दुरुस्त राख्नु पर्नेछ।
२. प्रथम पक्षले गमलामा आधारित कौसी खेती लागि बढीमा रु. १०,०००।– र हाइड्रोपोनिक्स प्रविधिको हकमा बढीमा रु. २५,०००।– अनुदान रकम उपलब्ध गराउनेछ।
३. दोश्रो पक्षले बाँकी खर्च लाग्ने रकम स्वलगानी गर्नुपर्नेछ ।
४. दोश्रो पक्षले प्राङ्गारिक कौसी खेती लगाए पछि आफू स्पष्ट देखिने गरी कौसी खेती सहित फोटो पेश गर्नु पर्नेछ।
५. दोश्रो पक्षले सक्कल बील, भरपाई, फोटो, कार्य सम्पन्न प्रतिवेदन प्रथम पक्षलाई पेश गर्नु पर्नेछ ।
६. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, व्यवस्थापन, जोखिम र दिगोपनका लागी गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।
७. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ।
८. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवैपक्षको आपसी सहमती अनुसार हुनेछ।
९. सम्झौता अनुरुप काम नगर्नेदोस्रो पक्षलाई कार्यालयले अनुदान रोक्का गर्नेछ।सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा दोस्रो पक्षबाट दश प्रतिशत हर्जना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

| | |
|---|---|
| **प्रथम पक्षः** | **दोश्रो पक्षः** |
| कृषि ज्ञान केन्द्र.............को तर्फबाट | संयुक्त समूहको तर्फबाट |
| नाम, थर : | नाम, थर : |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |

⊕ प्रथम संशोधनद्वारा संशोधित